# मिथिला नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
ढल्केवर, धनुषा
प्रदेश नं. २, नेपाल
## कृषि विकास शाखा

शिलबन्दी दरभाउ पत्र आव्हानको सूचना
दोस्रो पटक प्रकाशित मिति २०७७।१०।१६

यस कार्यालयबाट तपसिलमा उल्लेखित वस्तु खरिद गर्न निम्नानुसार खरिद प्रकियाबाट गराउनु पर्ने भएकोले इच्छुक इजाजतपत्र प्राप्त फर्म/सप्लायर्स बाट दरभाउ आव्हान गरिएको छ।

### शर्तहरु :

१. योग्यता पुगेका इच्छुक शिलबन्दी दरभाउपत्र दाताले ७ औ दिन भित्र यस कार्यालयको राजश्व शाखाबाट कार्यालय समय भित्र यस कार्यालयबाट फिर्ता नहुने गरी तपसिल बमोजिमको राजश्व दाखिला गरी दाखिला भौचरका साथ ०७७०७८ का लागी नविकरण भएको इजाजतपत्र ,स्थाई लेखा नम्बर तथा मूल्य अभिबृद्धि कर दर्ता प्रमाणपत्र र कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि संलग्न राखी दरभाउ पत्र यस कार्यालयबाट खरिद गर्न सकिने छ।

२. २(दुई) प्रतिशत धरौटी वापतको रकम यस नगपालिका कार्यालयको माछापुच्छ्रे बैंक लिमिटेड ढल्केवर शाखामा खाता नं. १००१५२४७५८७१०७८ मा नगद जम्मा गरी सोको सक्कलै बैंक भौचर पेश गर्नु पर्नेछ।

३. शिलबन्दी दरभाउ पत्रहरु सूचना प्रकाशित मिति देखी ८ औ दिनको १२:०० बजे भित्र यस कार्यालयमा दर्ता गराई सक्नु पर्नेछ।

४. सिलबन्दी दरभाउ पत्र भर्दा प्रत्येक सामग्रीको दर-रेट अंक र अक्षरमा प्रस्ट हुने गरी लेख्नु पर्नेछ, अंक र अक्षरमा फरक भएमा अक्षरमा लेखिएकोलाई मान्यता दिइने छ।

५. रित नपुगी वा म्याद नाघी आएका सिलबन्दी दरभाउ पत्र उपर कुनै कारवाही हुने छैन।

६. दर्ता भएका सिलबन्दी दरभाउ पत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहने छ।

७. खरिद तथा आपूर्ति गर्ने सामग्रीहरु सिलबन्दी दरभाउ पत्र साथ स्पेसिफिकेशनमा उल्लेख भएका शर्त अनुसार हुनु पर्नेछ।

८. एउटा फर्मको नाममा खरिद गरिएको दरभाउ पत्र फारम अर्को फर्मको नाममा दर्ता गर्न पाइने छैन।

९. शिलबन्दी दरभाउ पत्र खरिद तथा दर्ता गर्ने दिन सार्वजानिक विदा परेमा सो लगतै कार्यालय खुलेको दिन खरिद तथा दर्ता गरिने छ।

१०. शिलबन्दी दरभाउ पत्रको परिक्षण र शिलबन्दी दरभाउ पत्रको सूचनाको शर्तहरु स्पेसिफिकेसन तथा प्रचलित ऐन नियमानुसार हुनेछ।

११. यस सूचनामा उल्लेख नभएका अन्य कुराहरुको हकमा सार्वजनिक खरिद ऐन २०६३ र सार्वजनिक नियमावली २०६४ तथा प्रचलित कानुन बमोजिम हुनेछ।

१२. शिलबन्दी दरभाउपत्र रकमको परिधि भित्र रहने गरी सामग्रीको संख्या घटबढ हुन सक्नें छ।

१३. यस सम्बन्धी अन्य कुरा बुझ्नु परेमा कार्यालय समय भित्र (कृषि विकास शाखा) कार्यालयमा सम्पर्क राखी बुझ्न सकिने छ वा यस कार्यालयको वेब साईट (mithilamun.gov.np) मा समेत हेर्न सक्नु हुनेछ।

| शिलबन्दी/ठेक्का न. | सामान उपकरणको नाम | दस्तुर | वजेट | कैफियत |
|---|---|---|---|---|
| १/२०७७०७८ | साधारण, पावर स्प्रेयर र गटोर | १०००। | १००००००।- | |
| २/२०७७०७८ | सेल्फ रिपर/पावर टिलर/मिनी टिलर/ओल धुने मेशिन | १०००। | १००००००।- | |
| | | | | |

०१-७७-१०-१८

रचिन्द्र डङ्गोल
प्रमुख प्रशासकीय अधिकृत

"सफा, सुन्दर, समृद्ध, सहर : अपन मिथिला नगर"